# कफी खेतीको सम्भाव्यता अध्ययन

मैवाखोला गाउँपालिका , ताप्लेजुङ

स्थलगत प्रतिवेदन ,२०८१

<u>बुझाईएको</u>

मैवाखोला गाउँपालिका ,ताप्लेजुङ

<u>तयार गर्ने</u>

फूलमाया आङ्बो (कार्यालय प्रमुख, चिया बिस्तार योजना, लालिखर्क पाँचथर )

कमल पहराई (कृषि प्राविधिक, चिया बिस्तार योजना, लालिखर्क पाँचथर )

## भाग १

**क ) अध्ययनको परिचय**

मैवाखोला गाउँपालिका , ताप्लेजुङको सहकार्य तथा राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड चिया बिस्तार योजना लालिखर्कको उपस्थितिमा कफी खेतीको सम्भाव्यता अध्ययनको लागि मैवाखोला गाउँपालिका वडा नं. ०१,०२,०३,०४,०५ र ०६ ताप्लेजुङमा स्थलगत अध्ययनको क्रममा उक्त ठाउको अवलोकन भ्रमण तथा अध्ययन गरी प्राप्त गरेको तथ्य सुचना र जानकारीलाई अधार बनाई यो प्रतिवेदन तयार पारीएको छ।

**ख ) अध्ययनको उद्धेश्य**

उक्त क्षेत्रमा कफी खेतीको बिस्तार गराउनु स्थलगत अध्ययनको मुख्य उद्धेश्य रहेको छ ।बुदागत रुपमा अध्ययनको उद्धेश्य निम्न लिखित छन ।

१. कफी खेतीको सम्भावना रहेको क्षेत्रको पहिचान गर्ने ।
२. कफी खेतीको वर्तमान अबस्था र बजार बारे प्रष्ट पार्नु।
३. पुराना कफीका बोटहरुलाई संरक्षण गर्ने बिधि सिकाउनु।
४. कफी सम्बन्धि प्राबिधिक ज्ञान कृषकहरुलाई सिकाउनु ।

**ग) अध्ययनको क्षेत्र**

मैवाखोला गाउँपालिका वडा नं. ०१, ०२, ०३, ०४, ०५, ०६ को स्थलगत अध्ययन गरियो ।

**घ अध्ययनको विधि**

स्थलगत अध्ययन बिधिलाई उपलब्धि मुलक र प्रभावकारी बनाउन निम्न बिधि अपनाई प्रतिवेदन तयार पारिएको छ ।

- गाउँपालिकाको भौगोलिक स्वरुपको आधारमा सम्भावित क्षेत्रको अध्ययन ।
- गाउँपालिकाको जनप्रतिनिधि, पालिकाको कृषि प्राबिधिक, कृषकसँग भेटघाट तथा अन्तरकृया माध्यमबाट सुचना संकलन।
- आबश्यक सुचना तथ्याङ्क एवम अन्य जानकारी हासिल गर्न छलफल ।

CamScanner

## भाग २

### १. पृष्ठभुमी

कफी प्रमुख पेय पदार्थहरु मध्ये एक नरम पदार्थ हो । व्यापारिक कारोवारका हिसावले कफी विश्वमा पेट्रोलियम पदार्थपछिको दोस्रो ठूलो परिमाणमा बिक्री वितरण हुने वस्तु पनि हो । कफी संसारको ७० भन्दा बढी देशमा उत्पादन हुने गर्दछ । विश्वमा सवै भन्दा वढी कफी उत्पादन गर्ने देश व्राजिल हो भने अमेरिका सव भन्दा वढी खपत गर्ने देश हो। कफीमा स्फुर्ती ल्याउने क्याफिन तत्व हुन्छ , यसले मानसिक र शारीरिक थकान मेट्छ , अल्छिपना र निद्रा हटाउँछ ।यसमा गुलियो पदार्थ (कार्बोहाइड्रेट), प्रोटीन (नाइट्रोजिनस कम्पाउण्ड), अम्ल ( क्लोरोजेनिक एसिड ) , बास्ना ( भोलाटाइल कम्पाउण्ड) र कार्बोक्सिलिक एसिड पाइन्छ ।

अराबिका कफीको उत्पती इथियोपियाको कफा प्रान्तमा भएको मानिएको छ र यसको बिकास भने अरेबियाबाट सरु भएको पाइन्छ । रोबस्टा कफीको उत्पती मध्य अफ्रिकाको कङ्गो राज्यबाट भएको हो । अराबिका कफी काल्दी नाम गरेको बाख्रा गोठालोले इथियोपियामा पत्ता लगाएको कथा बिश्वमा फैलिएको छ । काल्दिका बाख्राले कफीको फल खाएपछी असाधारण ब्यबहार देखाएकोले काल्दीमा कौतुहल जाग्यो र उसले यो कुरा आफ्नो पादरीलाई बताए । त्यसपछी पादरीले सबैजनालाई कफी खाने ब्यबस्था मिलाए । कफी खाए पछी सबै जनामा स्फुर्ती आएकोले यो कुरा एक बाट अर्को गर्दै फैलिएको र बिभिन्न ब्यक्तिले बिभिन्न परिक्षण गरी यसको बिकास गर्दै अहिलेको अवस्थामा आइ पुग्यो ।

सरुमा कफी चपाएर खाने , त्यसपछी समय क्रमसँगै खाद्यबस्तुको रुपमा कफीको धुलो घ्युमा भुटेर , कसार वा लड्डु बनाई खाने बिभिन्न रोगको औषधिको रुपमा मदिरा पदार्थको रुपमा खाने चलन आयो । तेह्रौं शताब्दीमा तातो पानीमा मिलाएर र सोह्रौं शताब्दीमा चिनी मिलाएर खाने चलन चल्यो र त्यसपछी कफीमा मसला , दुध ,नुन आदि मिलाई आ- आफ्नो रुचि र इच्छा अनुसार कफी पिउने चलन चलेको छ । आजभोली स्वाद बढाउन खाद्य पदार्थ, चकलेट , आइसक्रिम आदिमा कफी मिलाउने चलन आएको छ ।

CamScanner

**नेपालमा लगाइएका कफीको जात र तिनीहरुको स्रोत**

कफी नेपालको परम्परागत बाली होइन। अराबिका कफीका बिभिन्न जातहरु वर्मा, भारत, ब्राजिल, पप्पुवान्युगिनी, एल साल्भाडो आदि मुलुक बाट नेपालमा भित्र्याइएका छन । तिनीहरुको छोटकरी बिबरण तल दिइएको छ ।

- बोर्बोन, कातुरा, टिपिका, काटिमोर, पाकस, काटिसेक, टेकिसिक , सेलेक्सन-१०

**कफीको महत्त्व**

- अन्न तथा अन्य कैयौ बालीको तुलनामा यसबाट कृषकलाई बढी लाभ हुन्छ ।मकै , कोदोको तुलनामा तिन गुणा बढी आर्थिक फाइदा हुन्छ ।
- एक रोपनी जमिनमा सरदर १०० कफी बोट लगाउन सकिन्छ। अहिले सरदर प्रति बोटबाट ३ के.जी ताजा फल उत्पादन हुने गरेको छ र कफी बगैचाको राम्रो ब्यबस्थापन गर्न सके ताजा फल उत्पाद यसको दोब्बर बनाउन सकिन्छ ।
- कफीलाई दिने छहारी रुख र अन्तर बाली जस्तैः केरा, मेवा, शित्तल चिनी, अदुवा, बेसार र मरिच लगाएतबाट समेत अतिरिक्त आम्दानी लिन सकिन्छ ।
- नेपालको जलबायु एवं माटोमा अन्तराष्ट्रिय बजारमा प्रतिस्प्रधा गर्न सक्ने उच्च गुणस्तरका कफी उत्पादन हुन सक्ने करा प्रमाणित भइसकेको छ ।
- गुणस्तरको कफी उत्पादन गरी आयात प्रतिस्थापन गर्न र बिदेशमा निर्यात गरी वैदेशिक मुद्रा आर्जन गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।
- कफी खेती पुर्व देखि पश्चिम नेपालको मध्य पहाडी भुभागमा हुने भएकोले यसले ग्रामिण रोजगारी दिन्छ ।

CamScanner

भाग ३

SWOT बिश्लेषण

क) सबल पक्ष (Strength)

- कृषकहरुको कफी खेती तर्फ रुचि ।
- कफी खेति गर्न इच्छुकलाई गाउँपालिकाबाट सहयोग प्रदान गर्ने।
- कफी खेती गर्न प्रशस्त ठाँउ भएको ।
- कफी खेती गर्नको लागि उचित माटो तथा हावापानी भएको ।
- पहिला पनि कफी खेती सुरुवाट भएको ।
- यातायात पहुँच।

ख ) कमजोर पक्ष (Weakness)

- कफी खेती गर्ने केही ठाउमा चट्टान रहेको।
- किसानहरुमा कमै मात्रमा कफी सम्बन्धी प्राविधिक ज्ञान सीप भएको ।
- दक्ष जनशक्तीको कमी।
- बिउ तथा बिरुवा सजिलैसँग उपलब्ध हुन नसक्ने।
- उत्पादित कफी स्थानीय रुपमा बिक्री गर्ने अवसर नहुनु ।
- कफीको उत्पादन सजिलै गर्न सकिन्छ भन्ने बुझाई कृषकहरुमा हुनु ।
- यस क्षेत्र नजिक स्थापित नमुना कफी बगान नहुनु ।

ग ) अवसर ( Opportunity )

- सञ्चार माध्ययम, सामाजिक संजाल , नागरिक समाज र सर्वसाधारणको राम्रो समर्थन रहेको ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संगठनको राम्रो सहयोग तथा समन्वय रहेको ।
- नयाँ खोज तथा अनुसन्धानको लागि अवसर रहेको ।
- कफी खेती गर्नको लागि बिभिन्न सरोकारवाला निकायसँग समन्वय गरी अगाडी बढ्न सक्ने।
- मैवाखोला गाउँपालिकाबाट कफी खेती बिस्तार र उत्पादन पश्चात बजारीकरणको लागि। बिभिन्न कार्यक्रम तथा योजना बनाउँदै गरेको ।

घ ) चुनौती (Threats)

- किसानहरुमा आर्थिक स्रोतको अभाव ।

- उचित खोज अनुसन्धान गर्न नसक्नु ।
- समय सापेक्ष कफी सम्बन्धी ऐन नियमहरुमा परिवर्तन हुन नस्कनु ।
- कृषकहरुले कफीलाई आम्दानीको वैकल्पीक स्रोतको रुपमा हुन्छ भनी तिब्र अभिरुचि राख्नु।
- उत्पादित कफी तथा कच्चा पदार्थको बजार स्थानिय स्तरमा पहिचान भै नसक्नु ।

## भाग ४

### क) अध्ययन गरिएको ठाँउहरुको बिश्लेषन

अध्ययन गरिएको ठाउहरु मध्ये तपशिल बमोजिमको ठाउँहरुमा वर्गिकरण गरिएको थियो ।

**मैवाखोला गाउँपालिका .वडा नं. ०१**

| ठाँउहरु | उचाई | कैफियत |
|---|---|---|
| तेलाबुङ | १२०० | कफी खेतीको लागि उपयुक्त मानिएको |

**मैवाखोला गाउँपालिका .वडा नं. ०२**

| ठाँउहरु | उचाई | कैफियत |
|---|---|---|
| टेम्बे टोल | ११००-११५० | कफी खेतीको लागि उपयुक्त मानिएको |
| हात्ती खावा (बाटो मुनी हाङथाना, तल्लो भाग ) | १३०० | कफी खेतीको लागि उपयुक्त मानिएको |

**मैवाखोला गाउँपालिका .वडा नं. ०३**

| ठाँउहरु | उचाई | कैफियत |
|---|---|---|
| माङहिम टोल | १३००-१४०० | कफी खेतीको लागि उपयुक्त मानिएको |
| भट्टराई टोल | १३००-१४०० | कफी खेतीको लागि उपयुक्त मानिएको |

CamScanner

**मैवाखोला गाउँपालिका . वडा नं. ०४**

| ठाँउहरु | उचाई | कैफियत |
|---|---|---|
| रिफाइले जाने घिमिरे टोल देखिको बाटो मुनिको क्षेत्र | १३००-१४०० | कफी खेतीको लागि उपयुक्त मानिएको |

**मैवाखोला गाउँपालिका .वडा नं. ०५**

| ठाँउहरु | उचाई | कैफियत |
|---|---|---|
| नुमलोक फाकुम्वा | १३००-१४५० | कफी खेतीको लागि उपयुक्त मानिएको |
| घोडेटार | १३००-१४०० | कफी खेतीको लागि उपयुक्त मानिएको |

**मैवाखोला गाउँपालिका . वडा नं. ०६**

| ठाँउहरु | उचाई | कैफियत |
|---|---|---|
| हाम्फाबुङ | १२००-१३५० | कफी खेतीको लागि उपयुक्त मानिएको |
| साङलुपा | १२००-१३५० | कफी खेतीको लागि उपयुक्त मानिएको |

***नोटः माथि उल्लेखित स्थानहरु यस गाउँपालिकाको वडा नं. १ देखि वडा नं. ६ का वडाहरुमा कफी खेतिको लागि उपयुक्त भुगोल, हावापानी, माटो र अन्य बिशेषताको आधारमा उदाहरणीय रुपमा प्रतिनिधित्व गर्ने गरी राखिएको स्थान हो , यस्तै किसिमको कफी खेतिको लागि उपयुक्त मिल्दो जुल्दो भुगोल, हावापानी, माटो र अन्य बिशेषता भएका धेरै स्थानहरु यस मैवाखोला गाउँपालिकामा रहेको छ।***

**ख ) सुझावहरु**

- कृषकहरुलाई कफी खेतीको बारेमा प्राबिधिक सीप बिकासको लागि तालिमको ब्यबस्था गर्नु पर्ने।

CamScanner

- मैवाखोला गाउँपालिकाको वडा नं १, ०२ , ०३, ०४, ०५, ०६ को माथि उल्लेखित स्थानहरुसँगै मिल्दो जुल्दो उचाई , भुगोल, हावापानी र माटो भएका अन्य धेरै स्थानहरुमा पनि कफी खेतीको लागि उपयुक्त रहेको हुदा उक्त क्षेत्रहरुमा पनि कफी बिस्तारको लागि राम्रो सम्भावना रहेको ।
- रोपण गर्दा खाल्डो ५० से.मी गहिरो तथा चौडाईको खन्नुपर्ने र २*२ मि को दुरीमा रोपण गर्नुपर्ने।
- कफी लगाउने जमिनमा अनिवार्य रुपमा छहारीको व्यबस्थासँगै सिंचाइको व्यबस्था गर्नुपर्ने।
- कफी करिब १६०० मिटर सम्मको उचाईमा हुने भन्ने गरिएता पनि १००० मिटर भन्दा माथिका स्थानहरुमा कफी लगाउदा अत्याधिक चिसो हुने ,शित , तुसारो र हिउ पर्ने जस्ता समस्या हुने स्थानमा लगाउन नहुने र जमिनको मोहोडा हेरि न्यानो हुने स्थानहरुमा कफी लगाउदा उपयुक्त हुने।
- कफी लगाउदै गरेको जमिनमा पानी जम्ने सम्भावित जोखिम भएका स्थानहरुमा पानी बग्ने गरी कफी लगाउने जग्गाको तयारी गर्नु पर्ने।
- सरोकारवाला निकायहरुसँग समन्वय गर्नुपर्ने।
- सबै कृषकहरुले माटो परिक्षण गर्नुपर्ने।

**ग ) निष्कर्ष**

नेपालको विशेषत : नेपालमा कफी खेती गरिबी निबारण , रोजगारी सिर्जना, वातावरण सुरक्षा तथा दिगो आय आर्जनको लागि लोक प्रिय खेतीको रुपमा स्थापित हुदै आएको छ । हाल देशको मध्य तथा पहाडी जिल्लमा तुषारो नपर्ने ठाँउसम्म लगाइको कफी गुणस्तरी रुपमा उत्पादन भई विदेश तर्फको निर्यातले देशको अर्थतन्त्रमा समेत सकारात्मक प्रभाव पार्न सक्ने संकेत देखिएको छ । ताप्लेजुङ जिल्लाको मैवाखोला गाउँपालिका अन्तरगतको यी क्षेत्रहरुका भौगोलिक अबस्था तथा हावापानीको आधारमा कफी खेतीको लागि योग्य देखिन्छ । कफी खेती निरन्तको प्रयास र मिहिनेतबाट मात्र सम्भव हुने खेति भएको तथ्यलाई आधारमानी स्थानिय जन समुदायमा रहेको तिव्र इच्छालाई अवसरको रुपमा लिई यस मैवाखोला गाँपालिकाले उत्पादनको कार्य सुचारु गर्न सके अन्तराष्ट्रिय बजारमा नेपाली कफीको मागवृद्धि हुदै गइराखेको परिप्रेक्ष्यमा ताप्लेजुङ जिल्लाको मैवाखोला गाउँपालिकाको बिभिन्न वडाहरुमा कफी उत्पादन क्षेत्र बिस्तार गर्न सक्ने सम्भावना प्रशस्त रहेको छ।